# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः २ शुद्धोधन, आषाढ २५ गते, २०७५ साल, संख्याः ११**

## भाग–२

**शुद्धोधन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही**

**संवत २०७५ सालको कार्यविधि नं. ११**
**कार्यविधिको नाम : शुद्धोधन गाउँपालिका, सामाजिक परिचालन सम्बन्धी कार्यविधि, २०७५**

**प्रस्तावनाः** स्थानीयतहमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहबाट पछाडी परेका नागरिकहरुलाई उनीहरुको काम तथा हक, अधिकारका बारेमा चेतनशिल गराई मुलुकको बिद्यमान सम्पूर्ण आर्थिक सामाजिक संरचनालाई बिकासको मूलधारमा ल्याउन र नागरिकको आवाजएवं मागलाई सम्बोधनगर्दै सेवाप्रवाहलाई समावेशी, उत्तरदायीएवं जवाफदेही बनाउँन सरकारी, निजितथा समुदायमा

आधारित संघ संस्थाहरु समेतको सहकार्यमा स्थानीय तहको गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संगठन, बचत, सीपको माध्यमबाट संस्थागत गर्दै सम्बृद्ध समाज निर्माण गर्ने कार्यमा सहयोग पुऱ्याउन सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गर्दै यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम सामुदायिक विकास कोष सामाजिक परिचालन कार्यविधी, २०७५ रहने छ ।

ख. यो कार्यविधी शुद्धोधन गाउँपालिका, रुपन्देहीले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

क. विषय वा प्रसंगले अर्को अर्थ न लागेमा यस कार्यविधि भन्नाले सामुदायिक विकास कोष सामाजिक परिचालन सम्बन्धी "कार्यविधि, २०७५" लाई सम्झनु पर्दछ ।

ख. "सामुदायिक संस्था" भन्नाले वडाका वस्ती स्तरमा महिला/पुरुष समूहहरु छुट्टा छुट्टै वा मिश्रित रूपमा संगठित भएको समूहलाई सम्झनुपर्छ ।

ग. अ.मे.भेला भन्नाले वडा स्तरमा वा वडा स्तरीय गठित सामदायीक संस्थाका अध्यक्ष मेजेजरहरुले संचालन गर्ने भेलालाई सम्झनुपर्छ ।

घ. "समिति" भन्नाले पालिका स्तरीय र वडा स्तरीय समितिलाई सम्झनुपर्छ ।

ङ. "अध्यक्ष (गाउँपालिका प्रमुख)" भन्नाले गाउँपालिकाको अध्यक्ष (गाउँपालिका प्रमुख) लाई सम्झनुपर्छ ।

च. "अ.मे".भन्नाले वडास्तरमा गठीत सा.स.को 'अध्यक्ष' मेनेजरलाई संम्झनु पर्दछ ।

छ. "सदस्य" भन्नाले सा.स.का सदस्यका संम्झनु पर्दछ ।

ज. "स्थानीय तह" भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ ।

झ. "जि.स.स." भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ ।

ञ. "पदाधिकारी" भन्नाले गाउँपालिकाका पदाधिकारीलाई सम्झनु पर्दछ ।

ट. "सामुदायिक विकास कोष" भन्नाले गाउँपालिकाका वडाहरुमा संचालित साविक जिल्ला विकास समित स्थानीय विकास कोषद्वारा हस्तान्तरीत कोष सहितको संस्था गाउँ विकास कार्यक्रमलाई सम्झनु पर्दछ ।

ठ. "गा.पा." भन्नाले गाउँपालिकालाई सम्झनुपर्छ ।

ड. "स्थानीय सेवा प्रदायक" भन्नाले स्थानीय तहमा रहेका सरकारी तथा गैर सरकारी संस्था वा सम्झौता गरी सम्बन्धित वडा समिति तथा अन्य क्षेत्रमा सामाजिक परिचालनको कार्य गर्ने संस्थालाई सम्झनुपर्छ ।

ढ. "सामाजिक परिचालन" भन्नाले आम नागरिकहरुलाई सा.स. मा संगठित गरी संगठन, बचत र शिपको माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा शशक्तिकरण गरी स्थानीय श्रोत र साधनलाई परिचालन गराई उनीहरुको व्यक्तिगत पारिवारिक तथा सामाजिक जीवनमा सकरात्मक परिवर्तन ल्याउने प्रकृयालाई जनाउँछ ।

## ३. कार्यविधिको उद्देश्य

क. सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्ने ।

ख. स्थानीय तहमा सामाजिक परिचालन कार्यको प्रयोगमा एकरुपता ल्याउने ।

ग. सामाजिक परिचालनको क्षेत्रमा साझा अवधारणा बनाउने ।

घ. साविक जि.वि.स. स्थानीय विकास कोषबाट संचालनमा रहेको सामुदायिक विकास कोष (गाउँ विकास कोष) गाउँ विकास कार्यक्रमलाई गाउँपालिकामा आन्तरीकरण गर्ने ।

ङ. स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनको समुचित रुपमा परिचालन गर्न सक्षम नेतृत्वको विकास गर्ने ।

च. सामुदायिक संस्थामा संकलित बचत सामुदायिक संस्थाहरु बीच कार्यगत समन्वय वित्तिय अनुशासन र सामुदायिक विकास

कोषको दक्षता अभिवृद्धि गर्ने पक्षहरुमा केन्द्रित भई परिचालन गर्ने ।

छ. संगठन, बचत, र सीपको अधिकतम प्रयोग गरी नागरिकहरु विशेष गरी विपन्न वर्गको विकासको लागि विद्यमान, आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउने ।

ज. समुदायहरुलाई आपसी सदभाव मेलमिलाप र सहयोगबाट सामाजिक पुँजी निमार्ण गरी आफ्ना समस्याहरु समाधान गर्न सक्षम गराई समाजमा सहिष्णुता बढाउने ।

झ. विद्यमान अवस्थामा साविकका गा.वि.स.हरु (हालका गा.पा.का वडाहरुमा) साविक गाउँ विकास कार्यक्रमलाई सामुदायिक विकास कोष (गाउँ विकास कोष) मार्फत संचालित सामाजिक परिचालन कार्यक्रमलाई पूर्णरुपमा व्यवस्थित गर्ने ।

ञ. सामुदायिक विकास कोष (गाउँ विकास कोष) गाउँ विकास कार्यक्रम संचालन नभएका वडाहरुमा क्रमशः संचालन गर्दै जाने ।

परिच्छेद-२

## गाउँपालिका स्तरीय सामुदायिक विकास कोष सामाजिक परिचालन प्रक्रिया सम्बन्धित व्यवस्था

### ४. सामाजिक परिचालन प्रक्रिया

क. सामुदायिक विकास कोष हस्तान्तरित कार्यक्रम गाउँपालिकाको आपनो कार्यक्रम भएकोले हरेक वडा बस्तीहरुका क्रमशः विस्तार गरिनुका साथै हाल स्थानिय तहमा संचालन हुदै आएका तथा भविश्यमा संचालन हुने सम्पुर्ण सरकारी, तथा गैरसरकारी संघ संस्थाहरुलाई सामुदायीक विकास कोष गाउँ विकास कार्यक्रम संग समन्वय गरी संचालन गर्ने व्यवस्था मिलाईने छ ।

ख. सामुदायिक विकास कोषमा आवद्ध सदस्यहरुमा संगठन, वचत, सीप सहित सामाजिक रुपान्तरण प्रक्रियालाई अगाडि बढाउँदै लगिने छ ।

ग. सामुदायिक संस्थाहरुलाई परिपक्कता हासिल गरे पश्चात यी सा.स.हरुलाई सहकारीमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ ।

## ५. सामुदायिक विकास कोषसामाजिक परिचालन समिति :

सामाजिक परिचालनको कामलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न गराउनका लागि गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा देहाय अनुसार सामाजिक परिचालन समिति गठन गरिने छ । समितिले सामाजिक परिचालनको कार्यमा संलग्न रहेका संस्थाहरुलाई सामाजिक परिचालनको विधि र प्रक्रियामा प्रष्टता ल्याउँन उनीहरुको क्षमता विकास गर्ने यी निकायहरु बीच समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यन्वयन गराउन स्थानीय तहलाई आवश्यक सुझाव सहित नितिगत समन्वय गर्नेछ ।

क) सामाजिक परिचालन समितिको गठनः

- शुद्धोधन गाउँपालिकाका अध्यक्ष-अध्यक्ष १
- शुद्धोधन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत-सदस्य १
- सामुदायिक विकास कोष मध्येबाट कम्तीमा एक महिला सहित दुई जना प्रतिनिधि - २ सदस्य
- स्थानीय सामुदायिक संस्था वाट एक महिला सहित-२ सदस्य
- महिला बालबालिका/कृषि शाखाका प्रतिनिधि एक एक जना गरी-२ जना सदस्य
- गाउँपालिका को मेल मिलाप लैंगिक समानता तथा सामाजिक समावेशीकरण समितिबाट प्रतिनिधि -१
- उद्यम विकास सहजकर्ता/सामाजिक परिचालक सदस्य सचिव-१

ख) गाउँपालिका स्तरमा सामाजिक परिचालनको काम गर्ने अन्य निकाय वा संस्थाहरुले यस कार्यक्रमसँग निकटतम सहकार्य र कार्यगत तालमेल गर्नु ती संस्थाहरुको कर्तव्य हुनेछ । यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघ सस्थाका प्रतिनिधिहरुलाई सामाजिक परिचालन समितिको बैठकमा आमन्त्रित गरिने छ ।

ग) सामाजिक परिचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

१. सामाजिक परिचालन समितिको समन्वय गाउँपालिका क्षेत्रमा वा अन्य निकायद्वारा संचालित सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने सुझाब दिने तथा सामाजिक परिचालनसँग सम्बन्धित स्थानीय स्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने

२. गाउँपालिका र अन्य विभिन्न संघ संस्थाहरुद्वारा संचालित सामाजिक परिचालन कार्य विच समन्वय गर्ने र सोको चौमासिक र वार्षिक प्रतिवेदन गाउँपालिका पठाउने ।

३. सामाजिक परिचालन कार्यान्वियन कार्यतालिका तयार गर्ने र सो अनुसार काम भए नभएको यकिन गर्ने र कार्यतालिका अनुसार काम नगरेको पाईएमा सम्बन्धि पक्षलाई कार्यक्रम संचालन नगर्न सुझाव दिने/सचेत गराउने ।

४. जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्ठपोषण गर्ने ।

५. वडाहरुमा रहेका सामुदायिक विकास कोषको नियमित अनुगमन तथा मूल्याकंन नियमित रुपमा गर्ने ।

६. सामुदायिक विकास कोषबाट प्राथमिकरण भई पेश हुन आएका कार्यक्रमहरुलाई प्रकृयागत रुपमा योजना तर्जुमा समिति हुदैं गाउँ परिषदमा पेश गर्न सहयोग गर्ने ।

७. गाउँपालिका तरमा सामाजिक परिचालन सम्बन्धित अन्य क्रियाकलापहरु गर्न सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने ।

८. सामाजिक परिचालन एवं सामुदायिक विकास कोष मार्फत भए गरेका कामको अनुगमन र मूल्याकंन गाउँपालिकाको निर्देशनमा सामाजिक परिचालन समितिले गर्नेछ । र त्यसको प्रतिवेदन अर्धवार्षिक रुपमा गाउँपालिकामा बुझाउनु पर्नेछ ।

### ६. सामुदायिक विकासकोष (गाउँ विकास) संचालन समिति

सामुदायिक विकास कोष समिति वडा समिति वडास्तरीय सामुदायिक विकास कोषलाई नियमित संचालित गर्न सामुदायिक संस्थाका प्रतिनिधिहरु मध्येबाट अन्य सहमतिमा निम्नानुसार ५ सदस्य रहेको सामुदायिक विकास कोष संचालन समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | - | सामुदायिक संस्थाका अध्यक्ष वा मेनेजर बाट १ जना |
| उपाध्यक्ष | - | सामुदायिक संस्थाका अध्यक्ष वा मेनेजरबाट १ जना महिला |
| पदने सदस्य | - | निर्वाचित प्रतिनिधि १ जना वडा अध्यक्ष |
| सदस्य | - | दलित/जनजाति/मुश्लिम/अन्य मध्ये बाट महिला १ जना महिला अनिवार्य हुनुपर्ने |
| सदस्य सचिव | - | उद्यम विकास सहजकर्ता/सामाजिक परिचालक (S.M)/वा स्थानीय सहजकर्ता (L.F) - १ जना |

यसरी गठन गरिएका सामुदायिक विकास कोषको काम,कर्तब्य र अधिकार ३ वर्षको लागि अबधि हुनेछ ।

परिच्छेद-३

## सामुदायिक विकास कोषको काम कर्तव्य र अधिकार

क. सामुदायिक संस्थाहरुलाई संगठन, बचत र सीपका माध्यमबाट शसक्तिकरण प्रदान गर्ने विभिन्न प्रकृतिका सेवाहरु र सो बारे जानाकारी लिने संरक्षणका कामहरु गर्ने ।

ख. वातावरण, विपद, जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनको जोखिम पहिचान गर्ने र पूर्व सर्तकता अपनाउने ।

ग. स्थानीय आवश्यकता अनुसारको कृषि, पशुपालन तथा अन्य आय आर्जन सम्बन्धी सीप तथा विकास योजना तयार गर्ने ।

घ. नागरिकताको प्रमाण-पत्र जन्म, मृत्यु, विवाह आदि जस्ता व्यक्तिगत घटना दर्ता गर्न उत्साहित गर्ने ।

ङ. जातीगत भेदभाव, बालविवाह, अनमेल विवाह, बोक्सी, धामी, झाँक्री, जुवा, तास, निरक्षता, दहेजप्रजा, छुवाछुत तथा महिला विरुद्ध

हिंसा, बालश्रम, बालहिंसा जस्ता सामाजिक विसङ्गतीहरु बारे छलफल चलाउने र समाजबाट हटाउन पहल गर्ने ।

च. आफ्नो वस्ती तथा समुदायलाई खुल्ला दिशामुक्त बनाउने, वातावरणीय तथा घरेलु सरसफाइ गर्ने र गराउन पहल गर्ने ।

छ. प्राकृतिक प्रकोप, (भुकम्प, वाढी, पहिरो, आँधिवेरी, आगलागि, सितलहर) बारे पूर्व सर्तकता अपाउने र त्यसबाट बच्ने उपायहरु बारे छलफल गर्ने ।

ज. बाल अधिकार, महिलाअधिकार संरक्षणबारे कार्य गर्ने ।

झ. जातिगत एवं सामाजिक सद्भाव बढाउने ।

ञ. बालबालिकालाई बालविकास केन्द्र, विद्यालय भर्ना, विद्यालयमा निरन्तर हाजिरी, बाल क्लवमा सहभागी गराउने ।

ट. ५ वर्ष मुनिका सबै बालबालिकाहरुलाई समयमै खोप लगाउने, गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा लगेर सुत्केरी गराउने चेतना अभिवृद्धि गर्ने ।

ठ. सीप विकास, आयआर्जन तथा जिवीकापार्जन सहयोग यो कार्यक्रम संचालनको लागि विभिन्न सरकारी, गैरसरकारी तथा नीजी संघ संस्थाहरुसंग समन्वय गर्ने, पैरवी गर्ने र स्रोत जुटाउने ।

ड. सामुदायिक संस्थाहरुलाई परिपक्क बनाइ सरकारी तथा संस्थागत विकास एवं रोजगारी प्रत्यनशील रहने ।

ढ. यसरी गठन गरिएका सामुदायिक संस्थाहरुका सदस्यहरुको आर्थिक विकास एव. रोजगारी सहितको जीवीकापार्जनका लागि घुम्तीकोष उपलब्ध गराईने ।

ण. घुम्तीकोष विउँपुजीबाट देहाय अनुसारका कार्यक्रम अर्न्तगत निम्न क्रियाकलापहरु संचालन तथा कार्यान्वयन गर्न प्रोत्साहित गरिन्छ ।

- व्यावसायिक वा सामुदायिक खेती/पशुपालन
- कबुलियती बन व्यवस्थापन, गैरकाष्ठ वन पैदावार उत्पादन र प्राकृतिक स्रोतमा आधारित आर्जन तथा लघु उधम विकास ।
- रोजगारीमुलुक र उत्पादकत्व बढाउने विभिन्न किसिमका शीपमूलक कार्य ।
- आय र उत्पादन वृद्धि गर्ने ग्रामीण प्रविधि विकास तथा प्रयोग ।
- वैकल्पिक उर्जा सोलार, बायोग्यास, विकट सुधारिएको उन्नत चुल्हो ।

- आयमुलक कार्यक्रम वा लघु उद्यम विकास ।
- साना सिंचाइ आरन, शिल्पकला, लुगाकटाइ, सिलाइ, बुनाई आदि
- सहकारी पसल, खुद्रा पसल, बुटिक कुसन, बाँस मुढा टिका, चुरा फूलखेती आदि
- तरकारी खेती नगदेवाली पशुपालन
- साना व्यवसाय तथा व्यापार आयमुलक कार्यक्रम लघु उद्यम विकास सम्बन्धि आयोजना छनौट गर्दा बजारको उपलब्धता तथा व्यवस्था, संभार शीपको उपलब्धता, सामानको बजार मूल्य बारे सामान्य विश्लेषण गर्न पर्दछ ।

परिच्छेद-४

## कोष स्थापना र संचालन सम्बन्धित व्यवस्था

**७. सामाजिक परिचालानको स्थापना र संचालन**

क. गाउँपालिका स्तरमा एउटा सामाजिक परिचालन कोष स्थापना गरिनेछ ।

ख. सामाजिक परिचालन कोषमा देहाय अनुसारको रकम रहनेछ ।

१. प्रत्येक वर्ष गाउँपालिकाले गाउँसभाबाट विनियोजित रकम र कार्यक्रम संचालन गर्न छुटयाईएको संम्पुरककोष (Matching Fund) ।

२. साविकका सामुदायिक विकास कोषमा रहेको लगानी एवं वैकमा रहेको बचत रकम ।

३. सरकारी तथा गैरसरकारी संघ संस्था एवं अन्य निकायबाट सामाजिक परिचालन सम्बन्धि कार्यक्रम संचालनका लागी प्राप्त रकम ।

४. गाउँपालिकामा विनियोजित भएका योजना तथा कार्यक्रमबाट प्राप्त केहि प्रतिशत रकम ।

५. कोषको संचालन एवं लेखापरिक्षण गाउँपालिका र अन्य कोष खाता संचालनका लागि बनेको स्थानीय सरकार आर्थिक प्रशासन ऐन तथा नियमावलीले व्यवस्था गरे अनुसार नै हुनेछ ।

६. यसरी योजना तथा बजेट रकमबाट प्राप्त हुने रकम सिधै घुम्तिकोषमा जम्मा हुनेछ र सो रकम कार्यक्रम लागु नभएका वडाहरुमा विस्तार गर्नका लागि सदस्यहरुमा आयआर्जन बढाउने काम घुम्तिकोषको रुपमा लगानी गरिनेछ । यसरी लगानी बाट प्राप्त हुने रकमको व्याज आम्दानीको निश्चित रकम कर्मचारी कल्याण कोष, क्षमता अभिबृद्धि तथा प्रविधि हस्तान्तरण जस्ता कार्यक्रममा खर्च गरिनेछ ।

७. उद्यम विकास सहजकर्ता/सामाजिक परिचालकको न्यूनतम योग्यता र सेवा अवधी, तलब भत्ता ग्रेड पारिश्रमिक, सेवा सुविधा स्थानीय तह नेपाल सरकार तलब स्केल बमोजिम शुद्धोधन गाउँपालिका कर्मचारीहरुले पाएको सेवा सुविधा सरह नैं हुनेछ ।

८. विशेष कोषको रुपमा कर्मचारी कल्याण कोषको व्यवस्था हुनेछ ।

## ८. सामाजिक परिचालकको काम, कर्तव्य र जिम्मेवारी

क. सामाजिक विकास कोष गठन, संचालन र सहजीकरण गर्ने, सामुदायिक संस्थाहरु परिचालन र तिनीहरुको क्षमता विकासका कामहरु गर्ने, नागरिक अनुगमन र सामाजिक उत्तरदायित्व सम्बन्धित कार्यहरुमा सामुदायिक विकास कोषलाई सहयोग गर्ने ।

ख. अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग निकटतम समन्वय र सम्बन्ध विस्तार गर्ने ।

ग. सामुदायिक संस्थाहरुको वार्षिक लेखापरिक्षण गराउन सहयोग गर्ने ।

घ. सामुदायिक विकास कोषको वार्षिक लेखा परिक्षण गराउने ।

ङ. सामुदायीक विकास कोष र गठीत सा.स.हरुको बरावर निरिक्षण तथा अनुगमन गरिरहने ।

छ. सामाजिक विकास संग सम्बन्धित क्षेत्रमा नगरपालिका तथा वडा कार्यालयको काममा सहयोग गर्ने

ज. गाउँपालिकाको वस्तु स्थिति विवरण तयार गर्न सहयोग गर्ने ।

झ. स्थानीय आवश्यकता तथा प्राथमिकताको पहिचान तथा योजना तर्जुमाका लागि सरोकारवालाहरु लाई आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने ।

ञ. लैङ्गिक उत्तरदायि योजना तर्जुमा कार्यान्वयन र अनुगमन गर्न सहयोग गर्ने ।

ट. विपन्न समूहका घरधुरी नक्साङ्कन तथा अद्यावधि  गर्ने ।

ठ. नागरीक अनुगमनको लागि सामुदायिक विकास कोषको क्षमता अभिवृद्धि गर्ने ।

ड. गाउँपालिकाको कार्यालय, सामाजिक परिचालन सम्बन्धी अन्य कार्यहरु ।

ढ. गाउँपालिकाबाट आयोजना हुने अन्य कामहरु ।

परिच्छेद-५

## कोषको सचिवालय स्थान

**९. कोषको सचिवालय गाउँ कार्यपालिकाको भवन भित्र वा कार्यपालिकाले तोकेको स्थानमा हुनेछ र कोषको काम कारवाहीमा कोषको छुट्टै छाप हुनेछ ।**

**१०. कोषको लेखा व्यवस्थाः**

क. कोषको सम्पुर्ण खाताहरु प्रमुख प्रशासकीय अधिकृत र उद्यम विकास सहजकर्ता/परिचालन समितिको सदस्य सचिव बीच रहनेछ ।

ख. सामुदायिक विकासकोषबाट संचालित ऋणिपुँजी घुम्तिकोष सामुदायिक संस्थाको माग अनुसार लगानी गर्नेछ ।

ग. सामुदायिक विकास कोषमा तपशिल अनुसार खाताहरु रहनेछन् ।

१. संचालन खाता

२. ऋणि पुँजी खाता

३. कार्यक्रम खाता

घ. सामुदायिक संस्थाले सामुदायिक विकास कोषको नियम अनुसार लेखा व्यवस्थापन गर्नेछ ।

ङ. सामुदायिक विकास कोषमा स्थानीय सहजकर्ताको व्यावस्था नहुदा सम्म सम्पुर्ण कोषको रेखदेख र लेखा व्यावस्थापन साथै सम्पुर्ण काम सदस्य सचिवले गर्नेछ ।

च. कोषको माग अनुसार एकमुष्ठ रुपमा सामाजिक परिचालन समितिले निश्चित समयको लागि वडाका कोष समितिलाई घुम्तिकोष लगानी गर्नेछ ।

छ. संस्थाहरुको बचत लगानीको हिसाब किताव राख्ने ।

ज. घुम्तीकोष लगानी र असुली गर्ने ।

झ. सामुदायिक विकास कोषमा लेखा राख्ने ।

ञ. वडाहरुमा लगानी रहेको रकमको व्याज गाउँपालिकाको खातामा जानेछ ।

परिच्छेद-६

## सावकि सामाजिक परिचालन कार्यक्रमको व्यवस्थापन

### ११. सामुदायिक विकासकोष व्यवस्थापन सम्बन्धि व्यवस्था

क. साविक गा.वि.स.हरुमा गठन गरिएका सामुदायिक विकास कोष स्वतहः गाउँपालिकामा हस्तान्तरण भएको मानिनेछ ।

ख. सामुदायिक विकास कोष मार्फत गठित सामुदायिक संस्थाहरुहरुलाई साामाजिक परिचालन समितीको सिफारिसमा गाउँपालिकाले आवश्यकता अनुसार खारेज सहकारीकरण गर्न सक्नेछ ।

ग. सामुदायिक विकास कोषमा कार्यरत जनशक्ति कोषको सम्पूर्ण नगद जिन्सी, लगानीमा रहेको रकम चल अचल सम्पत्ति समेत स्वतहः गाउँपालिकाको हुनेछ ।

घ. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि साविक जिल्ला विकास समिति र सामुदायिक विकास कोष बीच भएको हस्तान्तरण एवं थप पुंजी लगानी फिर्ताको विषयमा जिल्ला समन्वय समिति र शुद्धोधन गाउँपालिकाको समन्वयमा उपयुक्त नीति अवलम्बन गर्ने छ ।

**१२. कोषको लेखा परिक्षण**

१. सामुदायिक विकास कोषले वार्षिक रुपमा गा.पा. ले तोकेको लेखा परिक्षण बाट लेखा परिक्षण गराउने ।

२. लेखा परिक्षण प्रतिवेदन अध्यक्ष/मेनेजर भेलामा सार्वजनिक गर्नेछ र गाउँपालिकामा रिपोटिङ्ग गर्नेछ ।

३. लेखा परिक्षण गराउने जिम्मेवारी सामुदायिक विकास कोषको हुनेछ ।

**१३. बाधा अडकाउ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धि व्यवस्था**

१. यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा गाउँपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

३. यस कार्यविधिमा उल्लेखित कुराहरुलाई स्वीकृत गर्ने अवीस्वीकृत गर्ने, आशिक स्वीकृत गर्ने, खारेज गर्ने सबै अधिकार गाउँपालिकामा निहित रहनेछ ।

४. यस कार्यविधिका अन्य दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागु भए पछि लगत्तै बसेको गाउँपालिकाको परिषदले यो कार्यविधि स्वीकृत गरेपछि लगत्तै लागु हुनेछ ।

आज्ञाले
**अनन्तपाणि मरासीनी**
प्रमुख प्रशासकीय अधिकृत
शुद्धोधन गाउँपालिका, रूपन्देही